"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"

"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका

## Mahalaxmi Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल

Lalitpur, Bagmati Province, Nepal

मिति २०७७/०४/०१

## सूचना !

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,

कोरोना भाइरस (कोभिड-१९) संक्रमितहरुको सङ्ख्या वृद्धि भएसँगै ललितपुरको महालक्ष्मी नगरपालिकाले वडा नम्वर ७, ८ र ९ मा गत २०७७ साल असार २४ गतेको सूचनामार्फत २५ गते ५ बजेदेखि लागू हुने गरि लकडाउनमा कडाइ गरेको जानकारी नै छ। लकडाउनमा कडाइ गरेर नगरपालिकाले तीन वटा वडाभित्र रहेका औषधि र खाद्यन्न पसल बाहेकका सम्पूर्ण उद्योग व्यवसाय बन्द गर्ने निर्णय गरेको थियो।

लकडाउनमा कडाइ गरेर नगरपालिकाको पहलमा गत शनिबार संक्रमितको नजिकमा रहेको आशङ्का गरिएका ७४ जना र समुदायका १ सय ३९ जना गरी २१३ जनाको पीसीआर परीक्षण गरिएको थियो। परीक्षण गरिएका सबै जनाको नतिजा नेगेटिभ आएको जानकारी गराइसकिएको छ। यसबाट कोरोना संक्रमण समुदाय तहसम्म पुग्न सकेको छैन भन्ने पुष्टि भएको छ। अर्कोतर्फ, संक्रमितहरु निको भइरहेको र समुदायसम्म नपुगेकाले यसबाट आत्तिनुपर्ने अवस्था छैन। त्यसो भएको हुनाले नगरपालिकाले २०७७ साल साउन २ गते बिहान ५ बजेदेखि लागू हुने गरी लकडाउन पूर्ववत् अवस्थामै सामान्य बनाइएको जानकारी गराउँदछु। लकडाउन खुकुलो बनाइए पनि सजग हुन र उच्चस्तरको सतर्कता अपनाउन पुनः अपिल गर्दछु।

नगरपालिकाको अनुरोधमा गरिएको लकडाउन पालना गरेर परीक्षण लगायतका कार्यमा सहयोग गर्नुभएकोमा स्थानीयवासी, उद्योगी, व्यवसायीलगायत सबैमा हार्दिक आभार व्यक्त गर्दछु।

केही दिनभित्रै महालक्ष्मीलाई कोरोनामुक्त बनाउने अभियानका सहयोगी स्थानीय राजनीतिक दल, नेपाल प्रहरी, नगरपालिकाका कर्मचारी, स्वास्थ्यकर्मी, नागरिक समाज, सामाजिक संघसंस्था सबैमा धन्यवाद व्यक्त गर्दछु साथै आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद !

रामेश्वर श्रेष्ठ

नगर प्रमुख

*"Unite to fight against Corona Virus COVID – 19"*

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३

E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np